
# थासाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय




# सामाजिक परीक्षण कार्यक्रमको प्रगति प्रतिबेदन २०८२

प्रतिवेदन तयार गर्ने

अर्क ईन्जिनियरिङ प्रा लि

पोखरा


# विषयसुची


१.गाउँपालिकाको संक्षिप्त बस्तुस्थिती............................................................३
२.पृष्ठभूमि............................................................................................६
३.सामाजिक परीक्षणको उद्देश्य ........................................................................७
४.सामाजिक परीक्षणको कानूनी आधार.......................................................................७
५.सामाजिक परीक्षण अध्ययनको आबश्यकता ..................................................................८
६.सामाजिक परीक्षण अध्ययन विधि ..........................................................................८
७.सामाजिक परीक्षणका निर्देशक सिद्धान्तहरु...................................................................९
८.सामाजिक परीक्षणको औचित्य..............................................................................९
९.अध्ययनको सिमा..........................................................................................९
१०.प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा प्रतिवेदन प्रस्तुतीकरण.......................................९
११.सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु............................................................१२
१२.सामाजिक परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने पक्षहरु....................................................१२
१३.चुनौतीहरु..................................................................................................१४
१४.निष्कर्ष ....................................................................................................१५
१५.आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखिनीय कार्यहरु............................................१५
१६. नमूना कार्ययोजनाहरु.....................................................................................१८
अनुसूचि १ : सामाजिक परीक्षण कार्यका केही झलकहरु...................................................२१
अनुसूचि २ : गाउँपालिकाले गठन गरेका समितिहरु .........................................................२४
अनुसूचि ३ : सामाजिक परीक्षण कार्यको उपस्थिती...........................................................२५
अनुसूचि ४ : सामाजिक परिक्षण कार्य गर्दा प्रयोग गरिने प्रश्नवलीको चेकलिस्ट..........................२७

# थासाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
# आर्थिक बर्ष २०८१/०८२को
# सामाजिक परीक्षणको
# प्रतिवेदन

## १.गाउँपालिकाको संक्षिप्त बस्तुस्थिती :

थासाङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । वि.सं २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविकका टुकुचेको १र ७ नम्बर वडाहरू तथा साविकको कोवाङ, लेते र कुन्जो गाउँ विकास समितिहरूलाई समेटेर थासाङ गाउँपालिका घोषणा गरिएको हो । थासाङ गाउँपालिकाको क्षेत्रफल २८९ वर्ग्किलोमिटर रहेको छ । यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ। यस गाउँपालिकको कूल जनसंख्या २८५६ रहेको छ। जसमध्ये पुरुषको संख्या १४५४ तथा महिलाको जनसंख्या १४०२ रहेको छ। यस गाउँपालिकाको सिमाना पूर्वमा घरपभ्कोङ गाउँपालिका र म्याग्दी, पश्चिममा म्याग्दी जिल्ला, उत्तरमा बाह्रगाउँ मुक्तिक्षेत्र र घरपभ्कोङ गाउँपालिका र दक्षिणमा म्याग्दी जिल्ला पर्दछ ।






थासाङ गाउँपालिकाको साक्षरता प्रतिशत ७७.७ रहेको छ । जसमध्य पुरुष साक्षरता ८३.१ तथा महिला साक्षरता ७२.७ प्रतिशत रहेको छ ।

ऐतिहासिक पृष्ठभुमिले सज्जित मुस्ताङ जिल्लाको लगभग विच भागमा रहको सुन्दर गाउँको नाम हो थासाङ गाउंपालिका । थासाङ गाउँपालिका धौलागिरी र निलगिरी दुई अग्ला हिमशिखको बिचमा अवस्थित, हिन्दू र बौद्ध पावनभूमी, पवित्र कालीगण्डकी प्रवाहित हुने प्रकृतिको अनुपम दृश्य भएको पर्यटकका लागि मनमोहक एंव सुन्दर गाउँ हो । नेपालको कुनै पनि अन्तराष्ट्रिय सिमानालाई नछुने र भौगोलिक विभाजन अनुसार हिमाली प्रदेशमा अवस्थित यो गाउँपालिकाको पृष्ठभुमी मुस्ताङ जिल्लासंगै गाँसिएर आउँछ । मनोरम हिमाली संरचनाले भरिपूर्ण यो गाउँपालिकाको उच्च हिमाली क्षेत्रको विचमा यत्रतत्र छरिएर रहेका अग्ला होचा भू-भागहरु लगायत विविध भौगोलिक वनावटले गाउँपालिकाको सुन्दरतालाई वृद्धि गर्न मद्धत गरिरहेका छन् । यसका साथै यो क्षेत्र समग्र देशको सुन्दर हिमाली आर्कषणयूक्त भूगोलहरुको प्रतिविम्व हो ।

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरु हुन्। थासाङ गाउँपालिका जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतीहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु यहाँ मनाइने गर्दछन । आम नेपालीको लागि नै साझा चाडपर्वको रुपमा मनाइने जनैपूर्णिमा, फागु पूर्णिमा, दशैं तिहार बाहेकका यहाँ क्षेत्री बाह्मणका तथा थकालीले तिज, गुरुपूर्णिमा, रक्षाबन्धन , मगर तथा तामाङको ल्होसार, लगायतका चाडपर्वहरु यस क्षेत्रमा मनाइने महत्वपूर्ण चाडपर्व रुपमा रहेका छन् ।

## गाउँपालिकाको समग्र अवस्थाको विवरण

**जनशक्ति व्यवस्थापन :** जम्मा स्वीकृत दरबन्दी: ७० पदपूर्ती: ४९ रिक्त: २१ हाल कार्यरत जम्मा जनशक्ति: ४७ स्थायी: ३१ करार: ४ (शिक्षक र स्वास्थ्यकर्मी बाहेक)

**प्रशासकीय भवन र पहुँच :** प्रशासकीय भवन: नभएको सबै वडा कार्यालय भएको वडा सङ्ख्या: ५

**कानून निर्माणको अवस्था :** ऐन १४, नियमावलीहरु ३ र कार्यविधि/मापदण्ड/निर्देशिकाका ३३

**विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था :** आवधिक योजना: बनेको (प्रथम)

वार्षिक बजेटसँग तोकिएको ढाँचा अनुरूप मध्यकालिन खर्च संरचना: बनेको (गत आवमा)

स्थानीय तहको वस्तुस्थिति विवरण: बनेको (अद्यावधिक नभएको)

भूउपयोग क्षेत्र वर्गिकरण: बनेको

स्थानीय भवन निर्माण मापदण्ड: नबनेको
राजस्व सुधार कार्ययोजना: नबनेको
आन्तरिक नियन्त्रण प्रणाली: कानूनी रूपमा व्यवस्थित नभएको
दमकल सेवाको उपलब्धता: नभएको
फोहोर प्रशोधन केन्द्र: नभएको
स्यानीटरी ल्याण्डफिल साइट: नभएको

**वेरुजु सम्बन्धी :**

आ.व. २०७९/८० सम्मको कायम कुल बेरुजु रकम: रू. ४६,८१७.००
आ.व. २०८०/८१ मा फछ्यौट: रू. ८,८१८.००। (०.३८%)
बाँकी बेरूजु: रू. ३९,९०८.००
आ.व. २०८०/८१ को बेरूजु: २,२५१.००
आ.व. २०८२/८३ मा फछ्यौट गर्नुपर्ने कुल बेरूजु रकम रू. ४०,२४९.००

**सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता :**

अनलाइन मार्फत प्रदान गरिएका सेवा: १५ (८० मध्ये)
नागरिक बडापत्र: भएको
सूचना अधिकारी: तोकेको
गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परिक्षणका लागि कानूनी व्यवस्था: नभएको
निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी/गुनासो सङ्ख्या: ० फछ्यौट सङ्ख्या: ०

**आर्थिक वर्ष २०८१/८२ को खुद आम्दानी र खर्चको विवरण रू. हजारमा**

| क्र.सं. | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | ४४,७९७.०० | २१,००९.०० | ४६.९ |
| २. | पूर्वाधार विकास | १,१३,५५०.०० | ६१,६३५.०० | ५४.२८ |
| ३. | सामाजिक विकास | ६४,५५८.०० | ४१,२८०.०० | ६३.९४ |
| ४. | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४०,१७६.०० | १५,७११.०० | ३९.११ |
| ५. | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १,३२,१३५.०० | १,१२,११८.०० | ८४.८५ |

**स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण : बजेटका आधारमा**

| क्र.सं. | विवरण | आ.व. ८१/८२ को योजना |
|---|---|---|
| १. | २० देखि ५० लाखसम्मको आयोजना | ७ |
| २. | ५ देखि २० लाख सम्मको योजना | ४६ |
| ३. | ५ लाख सम्म बजेटको आयोजना | १८ |
| ४. | जम्मा | ७१ |

## २.पृष्ठभूमि

सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो। जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षणका बीच केही समानताहरू छन् । यी दुबैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा सेवा प्रदायक, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । सार्वजनिक सेवाको क्षेत्रमा काम गर्ने निकाय तथा सँस्थाहरु सरोकारवाला तथा सेवाग्राहीहरुप्रति जवाफदेही र पारदर्शी हुनु पर्दछ भन्ने माग बढ्दै गएकोछ । यसै कुरालाई ध्यानमा राखि सार्वजनिक सेवा कस्तो छ ? भनेर अनुगमन गर्ने भरपर्दो बिधि सामाजिक परिक्षण (Social Audit) हो ।

बिकासे संस्थाहरुले सन् १९९० पछि यसलाई उपयोग गर्दै आएका छन् । यसले योजना तर्जुमा, कार्यान्वयन, बजेट बाँडफाँड लगाएतका बिषयमा छलफल गर्ने उचित अबसर दिन्छ। यो सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यक्रम हो । सामाजिक बिकासको क्षेत्रमा काम गर्ने सरकारी कार्यालय तथा गैर सरकारी निकायले सामाजिक परीक्षण गर्नु पर्ने प्राबधान भएता पनि कार्यन्वयन हुन सकिरहेको छैन। सार्बजनिक दायित्व निर्बाह गर्नु पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभाबकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढँगबाट प्रस्तुत हुने कार्य सामाजिक परीक्षण हो । सेवा प्रदायक र सरोकारवाला एउटै थलोमा बसेर लेखाजोखा, समिक्षा तथा बिश्लेषण गर्नु सामाजिक परिक्षण हो । जसलाई जन परीक्षण, सार्बजनिक परीक्षण, सार्वजनिक समिक्षा भनेर पनि बुझ्ने गरिएको छ तर यि सबैको प्रकृया फरक, फरक छ । बिभिन्न नामबाट यसलाई उपयोग गरिएपनि यसको खास उद्धेश्य भनेको सार्वजनिक निकायले संचालन गर्ने गतिबिधिका बारेमा सरोकारवालालाई जानकारी दिने संस्कारको बिकास गर्नु नैं हो । कार्यक्रम संचालन गर्दा हुने अनियमिततालाई रोक्न, सरोकारवाला प्रति जवाफदेही र पारदर्शी बनाउन, निर्णय, कार्यन्वयन प्रकृया र आर्थिक प्रशासनमा पारदर्शीताको बिकास गर्न, अनुगमन, मुल्याँकन र समिक्षा गर्ने परिपाटीको बिकास गर्न, श्रोतसाधनको सही ढँगले परिचालन गर्न, गराउन, समुदायको सहभागिता अभिबृद्धि गर्न, अनाबश्यक खर्च नियन्त्रण

गरि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न, उत्पन्न हुन सकने अन्तरद्धन्द कम गर्न र थप नोक्सानी हुनबाट रोक्नका लागि सामाजिक परीक्षण गर्ने गरिन्छ ।

सामाजिक परीक्षण गर्दा विगतको कार्य सम्पादनको मूल्याङ्कनमा, संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिइन्छ ।सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसरी गाउँपालिकाबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हाँसिल भए सोको विश्लेषण र अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि प्रभावकारी मानिन्छ ।सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न गाउँपालिकालाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँनेछन् । यसै सर्न्दभमा थासाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व.२०८१/०८२ को सामाजिक परीक्षण गरि यो प्रतिवेदन तयार पारिएको छ ।

## ३.सामाजिक परीक्षणको उद्देश्य

थासाङ गाउँपालिकाको एक आर्थिक वर्षमा आ.व २०८१/०८२को गाउँपालिकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता ,सेवा प्रवाह ,योजना तर्जुमा र कार्यपालिकाका निर्णय प्रकृया आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

- ❖ स्थानीय तहलाई जनताप्रति जवाफदेही बनाई स्थानीय तहका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- ❖ गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- ❖ गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- ❖ कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- ❖ गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- ❖ लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- ❖ श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- ❖ दिगो र मापदण्ड बमोजिम काम गर्न पृष्ठपोषण दिने ।

## ४.सामाजिक परीक्षणको कानूनी आधारः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण , सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । भन्ने

कानूनी व्यवस्था भए वमोजिम र नेपाल सरकार संघीय मामिला तथा सामान्य मन्त्रालयद्धारा प्रमुख प्रशासकीय अधिकृतहरु लाई १८ बुदे निर्देशन कार्यन्वयन गर्ने सम्बन्धमा भएको परिपत्रको बुँदा ८मा समेत सार्वजनिक जवाफदेहीता प्रवर्द्धनको लागि सार्वजनिक सनुवाई , सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा प्रयोगमा  ल्याउने प्रतिवद्धता गरिएको छ । यिनै आधारमा यो सामाजिक परीक्षण गरिएको छ ।

## ५.सामाजिक परीक्षण अध्ययनको आबश्यकता

स्थानीय तहको  योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले  सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्यको अध्ययन गर्नको लागी सामाजिक परीक्षण अध्ययनको आबश्यकता र महत्व रहेको छ ।

- स्थानीय तहहरुको कार्यसम्पादनमा सरोकारवालाहरुबाट लेखाजोखा गराउन ।
- विकासका क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय, पारदर्शी र मितव्ययी बनाउन
- सेवाग्राहीको प्रत्यक्ष संलग्नता र सक्रिय सहभागिता गराउन ।
- सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरी विश्वासको वातावरण बनाउन।
- विकासको लाभको सुनिश्चितता कायम गर्न ।
- विकासका लागि उपलब्ध बजेटको अधिकतम सदुपयोग गर्न ।
- विकासमा समुदायको आफनोत्व कायम गराउन ।
- विकासको लाभको समन्यायिक बाँडफाँडको सुनिश्चितता कायम गर्न ।

## ६.सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक परिक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो

### ६.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- ❖ गाउँपालिका सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- ❖ स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- ❖ वार्षिक योजना
- ❖ सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- ❖ वार्षिक प्रतिवेदनहरु
- ❖ पार्श्वचित्र
- ❖ स्थानीय तहको स्वमुल्यकंन,वित्तीय जोखिम मूल्यांकन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणहरुका प्रतिवेदन ।
- ❖ स्थानीय नागरिकहरु सँग सोधपुछ ।
- ❖ सरोकारवाला निकाय , संघ र संस्थाहरु सँग आबश्यकता अनुसार छलफल

### ६.२ अन्तरवार्ता र समूह छलफल

गाउँपालिकाका प्रमुख, उपप्रमुख,वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपभोक्ता समितिका प्रतिनिधिहरू,राजनितिक दलका प्रतिनिधिहरु, विद्यालयका प्र.अहरु,नगरवासीहरु, संघ,संस्थाका प्रतिनिधिहरु सम्बन्धित लाभग्राहीसँग अर्ध संरचित अन्तरवार्ता

गरिएको थियो ।अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

## ७.सामाजिक परीक्षणका निर्देशक सिद्धान्तहरु

- ✓ बहुपक्षीय र विस्तृत
- ✓ सहभागिता मुलक
- ✓ नियमिता
- ✓ पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व

## ८.सामाजिक परीक्षणको औचित्य

- ✓ पारदर्शिता
- ✓ जवाफदेहिता
- ✓ सहभागिता
- ✓ सहजिकरण

## ९.अध्ययनका सिमा

यस सामाजिक परीक्षणमा देवघाट गाउँपालिकाका समिक्षा बर्ष आ.ब २०८१/०८२ को अबधिमा सामाजिक क्षेत्रमा भए गरेका मुख्य मुख्य नीति तथा कार्यक्रम र बजेट हरुको अध्ययन तथा बिश्लेषण गरिएको छ । देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको सेवा प्रवाह र वडा कार्यालयहरुमा सेवा प्रवाहको अध्ययन,केही आयोजनाहरुको स्थलगत अध्ययन, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, उपभोक्ता समितिका प्रतिनिधिहरू, राजनितिक दलका प्रतिनिधिहरु,विद्यालयका प्र अ हरु ।गाउँवासीहरु, संघ,संस्थाका प्रतिनिधिहरु सम्बन्धित लाभग्राहीसँग अर्ध संरचित अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूसँग छलफल गरियो साथै नगर भित्रका बिभिन्न सरोकारवालाहरु सँग छलफल र अन्तकृया गरियो ।

## १०.प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा प्रतिवेदन प्रस्तुतीकरण

### १०.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम :

थासाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा आयोजित सामाजिक परीक्षणका लागि सार्वजनिक बहस/भेलामा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । परामर्शदाता संस्थाद्वारा मिति २०८२ चैत्र २० गतेका दिन गाउँपालिकाको हलमा सामाजिक परीक्षण सम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर छलफल एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।उक्त कार्यक्रमको गाउँपालिका अध्यक्षको अध्यक्तामा भएको थियो । प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरणमा परामर्शदाता संस्थाका कार्यकारी निर्देशक बाट भएको थियो । साथै उक्त छलफल कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृतले सामाजिक परीक्षणको उद्देश्य माथि प्रकाश पारी स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु र शाखा प्रमुख लगायत अन्य कर्मचारीहरुको समेत सक्रिया सहभागिता रहेको थियो ।सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति तथा सार्वजनिक बहस कार्यक्रममा उपस्थित हुन गाउँपालिकाले  सार्वजनिक सुचना टाँस गरी सम्पूर्ण कार्यपालिकाका सदस्यज्यूहरू, राजनैतिक दलका प्रतिनिधिहरू, सरोकारवालाहरू, उपभोक्ता समितिका


प्रतिनिधिहरू नागरिक समाज, प्रमुख करदाताहरू, वडा सचिव तथा कर्मचारीहरु, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदिसँग अन्तरक्रियाका लागि आह्वान गरिएको थियो । सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि तपसिल संचालन गरिएको थियो ।

- ❖ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका ( सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था समेत उल्लेख गरी) राखिएको थियो ।
- ❖ कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचार संहिता बारे जानकारी प्रदान गरिएको थियो ।
- ❖ सामाजिक परीक्षकबाट अध्ययनका कममा आएका तथ्यहरुलाई समेटी तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो ।
- ❖ प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :-
  - ✓ गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव ( सूचकको आधारमा)
  - ✓ गाउँपालिकाले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थितिको बारेमा ।
  - ✓ गाउँपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरूको बारेमा ।
  - ✓ गाउँको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयताको बारेमा ।
  - ✓ वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिताको बारेमा ।
  - ✓ गाउँपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तरको वारेमा ।
  - ✓ सामाजिक उत्तरदायित्व पूरा गर्न गाउँपालिकाको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउनको लागी सुझावहरूको वारेमा ।

सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षकहरुले टिपोंट गरिएको थियो । सहभागीले राखेका जिज्ञासा तथा विचारमा गाउँपालिकाका प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु ,शाखा प्रमुखहरु र सामाजिक परिक्षकले स्पष्ट पार्नु भएको थियो । सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परिक्षकवाट प्रतिवेदन तयार गरिएको छ ।

**सहभागीहरुको बिबरण**

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|
| ५ | २७ | ३२ | ३ | १२ | १७ |




थासाङ गाउँपालिकासँग सरोकार राख्ने समुहहरुसँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समावेशीकरणको हिसाबले वञ्चितिकरणमा परेका समुहको प्रतिनिधिहरु र उपभोक्ता समूह गरी लक्षित समुहसँग अन्तरवार्ता तथा समूह छलफल आयोजना गरिएको थियो । निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरिएको थियो।

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तुहरु
- सुझावहरू सङ्कलन

## १०.२ प्रतिवेदन तयारी

सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन र सार्वजनिक बहस कार्यक्रममा प्रस्तुत पश्चात छलफलमा उठेका सुझावहरूलाई समेटी अन्तिम प्रतिवेदन तयारी गरिएको छ ।प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएकोछ :

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि र अध्ययनको सीमा
- सामजिक परीक्षणबाट देखिएका सवल पक्षहरू
- सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमी कमजोरीहरू
- नमूना कार्ययोजना

## ११.सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- ❖ जनप्रतिनिधि र कर्मचारीले उच्च मनोवलका साथ सेवा प्रवाह भैरहेको ।
- ❖ गाउँपालिकामा विद्युतीय कर प्रणाली लागू भएको ।
- ❖ आन्तरीक आय सुत्रमा लागू भएको ।
- ❖ स्थानीय स्तरवाट कालोपत्रे गर्ने कार्यको सुरुवात गरिएको ।
- ❖ आबश्यक ऐन, कानून, कार्यबिधिहरु र निर्देशिका निर्माण गरि राजपत्रमा प्रकाशन गर्ने गरेको
- ❖ सामाजिक सुरक्षा बितरण कार्य वैक मार्फत गरिएको ।
- ❖ सामाजिक जिम्मेवारी र उत्तरदायि बनाउने संयन्त्रहरु जस्तैःसामाजिक परीक्षण गर्ने कार्यको थालनी भएको ।
- ❖ सूचना अधिकारीको व्यवस्था गरिएको ।
- ❖ आयोजना स्थल आयोजना सूचना बोर्ड राखिएको ।
- ❖ सुझाव पेटीकाको व्यवस्था भएको ।
- ❖ सुचना बोर्ड रहेको ।
- ❖ online नागरिकता सिफारिसको काम सुचारु गरीएको ।
- ❖ गाउँपालिकालाई प्रविधि मैत्री वनाउन जोड दिएको ।
- ❖ अधिकांस वडाको आफनै भवनवाट सेवा प्रवाह भएको ।
- ❖ अधिकांस स्वास्थ्य संस्थाको आफनै भवनवाट सेवा प्रवाह भएको ।
- ❖ बिद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना गर्नको लागि जोड दिएको ।
- ❖ बिद्यालयहरुमा ई-पुस्ताकालय स्थापना गर्नको लागि जोड दिएको ।
- ❖ शिक्षा योजना तयार गरेको ।
- ❖ सामुदायिक बिद्यालयहरुमा सेनिटरी प्यार्ड बितरण गरिएको ।
- ❖ अध्यक्ष र प्र प्र अ बिचमा र प्र प्र अ र कर्मचारी बिचमा कार्य सम्पादन सम्झौता गरिएको ।
- ❖ स्थानीय पाठयकम तयार गरेको १-५ तयार भएको ।
- ❖ घरधुरी ६९६ एकघर एकघारा ६३३ ९०।९४प्रतिशत भई सकेको ।
- ❖ गाउँपालिका स्तरीय परिक्षा सञ्चालन गरेको ।
- ❖ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने गरेको ।
- ❖ हिमाली क्षेत्रमा आपत्कालिन पुशसेवा सञ्चालन गरिएको ।
- ❖ रैथाने वालीको संरक्षण सम्बर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।
- ❖ कृषि क्षेत्रमा जैविक प्राबिधिहरुको प्रयोग गरिएको ।
- ❖ सामुदायिक बिद्यालयहरु मर्ज गरिएको ।

## १२.सामाजिक परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने पक्षहरु

- ❖ लेखा परिक्षण प्रतिवेदनले दिएका सुझाबहरु,संस्थागत स्व-मूल्याङ्कनका, वित्तिय जोखिम मूल्यांकन र सामाजिक परीक्षणहरुका प्रतिवेदनहरुले दिएका सुझाबहरु कार्यान्वयनको लागी जोड दिनु पर्ने ।

- ❖ नागरीक वडा पत्र राख्नुपर्ने ।
- ❖ आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने ।
- ❖ जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास योजना तयार गरि कार्यन्वयन गर्नु पर्ने ।
- ❖ नागरिक सहायतता कक्ष सञ्चालन गर्नु पर्ने ।
- ❖ दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्नु पर्ने ।
- ❖ कर्मचारीको कार्य विवरण WebSite मार्फत समेत सार्वजनिकीकरण गरिनु पर्ने ।
- ❖ WASH Plan अध्यबधिक गरिनु पर्ने ।
- ❖ हाटवजार सञ्चालन गर्नु पर्ने ।
- ❖ दिगो तथा ठुला योजना भन्दा साना तथा टुक्रे आयोजनाहरुमा वजेट विनियोजन गरेको देखिएको ।
- ❖ गाउँपालिकाको गौरवको योजनामा परिभाषित सहित कार्यन्वयनमा ल्याउनु पर्ने ।
- ❖ अनुगमनलाई थप प्रभावकारि बनाउनुपर्ने ।
- ❖ लागत सहभागितालाई प्रभावकारी बनाउनुपर्ने ।
- ❖ सम्भाब्यता अध्ययन गरेर बजेट खर्च गर्नुपर्ने देखिन्छ ।
- ❖ उत्कृष्ट काम गर्ने वडा तथा शाखाहरुलाई कामको आधारमा मूल्यांकन गर्नुपर्ने देखिन्छ ।
- ❖ गाउँपालिकाले जारी गरेको राजपत्रको बारेमा गाउँवासी र सरोकारवालाहरु बिचमा छलफल चलाउनुपर्ने देखिन्छ ।
- ❖ विषयगत समिति र विषयगत शाखा विचको समन्वय हुनुपर्ने ।
- ❖ वजार अनुगमनलाई जोड दिनु पर्ने देखिन्छ ।
- ❖ व्यवसाय दर्ताको शिविर सञ्चालन गरिनुपर्ने देखिन्छ ।
- ❖ आन्तरीक आयको स्रोतहरु बिशेष गरेर घर वहाल कर र व्यवसाय करलाई दिगो र प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने देखिन्छ ।
- ❖ गाउँपालिकाले वजार क्षेत्रमा फोहोर व्यवस्थापनको लागी रणनीतिक योजना तयार गरिनुपर्ने देखिन्छ ।
- ❖ कृषिजन्य उत्पादन बढाउन निजी साझेदारी कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- ❖ पर्यटन गुरुयोजना तयार गरि कृषिपर्यटन प्रर्वद्धन र विकास सम्बन्धी योजनाहरुलाई जोड दिनु पर्ने ।
- ❖ सामुदायिक बिद्यालयहरुमा DIGITAL हाजिरी प्रयोग गर्नुपर्ने ।
- ❖ गाउँपालिका मातहातका कार्यालयमा कर्मचारी र सेवाग्राहीको लागी स्तनपान कक्षको व्यवस्था गरिनुपर्ने देखिन्छ ।
- ❖ कार्यपालिकाको निर्णयलाई समिक्षा गर्नु पर्ने देखिन्छ ।
- ❖ कार्यपालिकाका बैठकका निर्णयहरु WebSite मार्फत समेत सार्वजनिकीकरण गरिनु पर्ने ।
- ❖ जनता सँग जनप्रतिनिधि कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने देखिन्छ ।
- ❖ सार्वजनिक शौचालयको प्रभावकारी दिगो व्यवस्थापकीय आधारमा सञ्चालन र व्यवस्थापन गर्नु पर्ने ।

- ❖ खानेपानीका स्रोतहरु संरक्षण र गुणस्तर परिक्षण गरिनुपर्ने ।
- ❖ शिक्षिकाहरुको सुत्केरी विदामा वैकल्पिक व्यवस्थापन गर्नु पर्ने ।
- ❖ सामुदायिक बिद्यालयहरुको बेरुजुलाई कम गदै लैजानुपर्ने ।
- ❖ योजना तर्जुमाका चरण पुर्व लक्षित समुदायलाई योजना माग गर्ने तौर तरिका र प्राथमिकता निर्धारणवारे अभिमुखीकरण गर्नु पर्ने देखिन्छ ।
- ❖ दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न वार्षिक बजेट तथा कार्यक्रमलाई दिगो विकास लक्ष्यसँग तादाम्यता मिलाउनु पर्ने देखिन्छ ।
- ❖ आपतकालिन कार्य सञ्चालन केन्द्रको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- ❖ उद्धार राहत सामाग्रीको अभिलेख व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- ❖ विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयार गर्नु पर्ने देखिन्छ ।
- ❖ गैरसरकारी संस्थाहरुको कार्यक्रम गाउँ सभामा पेश गरिनुपर्ने र गैरसरकारी संस्थाहरुको प्रगति प्रतिवेदन गाउँपालिकामा अनिर्वाय माग गरि प्रतिवेदन उपर छलफल गराउनुपर्ने ।
- ❖ उपभोक्ता समितिलाई योजना सम्झौता र भुक्तानी सम्बन्धी १ दिने अभिमुखिकरण गरिनुपर्ने
- ❖ वजेट विनियोजन दामशाहीलाई निरुत्साहित गदै सुत्रमा विनियोजन गरिनुपर्ने ।
- ❖ गाउँपालिकालाई वालमैत्री र वातावरण मैत्री बनाउन नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासन कार्यविधि अनुरुप कार्यक्रम ल्याईनुपर्ने ।
- ❖ जलवायुमैत्री कार्यक्रमहरु सञ्चालनमा ल्याईनुपर्ने ।
- ❖ मर्मत सम्भार कोषको व्यवस्था गरि कार्यन्वयनमा ल्याईनुपर्ने ।
- ❖ घर नक्सा पास कार्यन्वयनमा ल्याईनुपर्ने ।
- ❖ सडक यातायात गुरुयोजना तयार गर्नुपर्ने ।
- ❖ कर्मचारी बैठकमा वडा सचिवलाई पनि सहभागीताको वातावरण तयार गर्नुपर्ने ।

## १३. चुनौतीहरु

- ✓ बेरुज प्रत्येक बर्ष थप हुदै गईरहेको ।
- ✓ भएको स्रोत साधनको प्रभावकारी व्यवस्थापनको आवश्यकता रहेको ।
- ✓ लक्षित समुदायलाई योजनाहरुलाई जोड नदिएको ।
- ✓ फोहोर व्यवस्थापनको कार्यन्वयन हुन नसकेको ।
- ✓ साना तथा टुक्रे आयोजनाहरुमा वजेट विनियोजनलाई निरुसाहित गरिनु पर्ने ।
- ✓ विकास निर्माणका कार्यमा स्थानीयको सहभागिता र अपनत्वमा ह्रास आइरहेको ।
- ✓ जंगली जनावरले कृषकको उत्पादनमा ठुलो क्षति पूऱ्याइरहेको जसका कारणले कृषि पेशाप्रति आकर्षण घट्दै गएको ।
- ✓ शत प्रतिशत गुणस्तर कायम गर्न नसकिएको ।
- ✓ अन्तरपालिका समन्वय गर्न नसकिएको ।
- ✓ योजना,मध्यमकालिन खर्च संरचनालाई बजेटसँग तादात्मय गराई अगाडि बढ्न नसकिएको ।

- ✓ माथिल्लो क्षेत्रमा निर्माणका कार्य गर्दा ढुवानीमा समस्या हुने गरेको ।
- ✓ अत्याधिक चिसो र शैक्षिक सत्रले गर्दा विद्यार्थीको अध्ययनमा समस्या भइरहेको ।
- ✓ जलवायु परिवर्तनका कारण कृषि उपजको उत्पादनमा असर परेको र बाढी पहिरोजन्य विपद् अध्याधिक रूपमा बढोत्तरी भइरहेको ।

## १४.निष्कर्ष

सार्वजनिक सेवा प्रति आम नागरिकको चासो हुनु स्वभाविक मानिन्छ । सेवालाई नागरीकको आवश्यकता तथा हिंत अनुकुल बनाउन जोड दिनुपर्दछ । सेवा प्रवाह र अन्य व्यवस्थापकीय पक्षलाई प्रभावकारी अनुगमनको माध्यमबाट थप मजबुत वनाई नागरिकको पहुँच र संलग्नता अभिवृद्धि गर्नका लागि सामाजिक परीक्षण कार्यक्रम शुरु गरिएको हो । गाउँपालिका र मतहातका कार्यालय भित्र सुशासन र पारदर्शिता कायम गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । त्यसैले सेवा प्रदायक र सेवाग्राहीलाई एकतावद्ध गर्दे नीति नियम, कार्यक्रम कार्यान्वयन, स्रोत परिचालन, पारदर्शिता र प्रभावकारिताका वारेमा लेखा जोखा गरी सामाजिक परीक्षण सम्पन्न भएको छ । यी विषयमा गरिएको छलफल निकै महत्वपूर्ण रहेकोले यस कार्यले सेवा प्रदाय, सेवाग्रही र सरोकारवाला वीच समन्वय र सहकार्यको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ साथै गाउँपालिकाको नीति तर्जुमा,योजना निर्माण,योजना कार्यन्वयन ,योजनाको दिगोपन र कार्यक्रम र योजनाहरु विच दोहोरोपनमा कम ल्याउनेछ ।

## १५.आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखिनीय कार्यहरु

- ✓ लामो समयदेखि अन्योलमा रहेको गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य अगाडि बढाइएको ।
- ✓ लेते प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसीको स्थापना गरिएको।
- ✓ प्रमुख पर्यटकीय स्थल धौलागिरी आइसफल जाने ठाउँमा व्यवस्थित पदमार्ग निर्माण गरिएको
- ✓ शिक्षक विद्यार्थी अनुपात मिलाउनका लागि विद्यालय समायोजन गरिएको ।
- ✓ १-५ को स्थानीय पाठ्यपुस्तक तयार गरी पठनपाठन सुरू गरिएको ।
- ✓ माध्यमिक विद्यालयको पठनपाठनलाई प्रविधिमैत्री बनाउन स्मार्ट बोर्ड वितरण गरिएको ।
- ✓ मध्यमकालिन खर्च संरचना तयार गरिएको ।
- ✓ ल्याङ्खोलामा आवश्यक तटबन्ध निर्माण गरिएको ।
- ✓ नव प्रवर्तन भवनमा थप पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको । जस्ले प्रशासकीय भवनको अस्थायी व्यवस्थापनमा सहयोग पुऱ्याउने अपेक्षा ।
- ✓ भेटिरिनरी अस्पतालको समन्वयमा याक पालन प्रवर्द्धनका लागि हिमाली पाटनमा १५ गोठ निर्माण गरिएको ।
- ✓ १२ किलोमिटर बाटो ढलान गरिएको, ३ खानेपानी ट्याङ्की निर्माण गरिएको, २ सार्वजनिक धारा निर्माण गरिएको र २२०० मिटर पाइपलाईन बिछ्याइएको ।

## आर्थिक वर्ष२०८१/०८२का आयोजना कार्यक्रमहरुका केही भलकहरु













## १६. नमूना कार्ययोजना

| क स | कृयाकलापहरु | समय अबधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | लेखा परीक्षण प्रतिवेदनले दिएका सुझावहरु कार्यान्वयनको लागि जोड दिदै समयमा नै बेरुज फछ्र्यौट गर्न कार्ययोजना तयार गरि कार्यन्वयन गरिनु पर्ने । | कमश...... | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/प्रशासन शाखा/आर्थिक प्रशासन शाखा | |
| २ | गाउँपालिकाको गौरवको योजनामा परिभाषित सहित कार्यन्वयनमा ल्याउनु पर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका/प्र प्र अ/ गाउँ सभा | |
| ३ | उपभोक्ता समितिलाई योजना सम्झौता र भुक्तानी सम्बन्धी १ दिने अभिमुखिकरण गरिनुपर्ने | असार मसान्त २०८३ | प्र प्र अधिकृत/प्रशासन शाखा/आर्थिक शाखा | |
| ४ | नागरिक सहायता कक्ष सञ्चालन गर्नु पर्ने । | असार मसान्त २०८३ | प्र प्र अ/प्रशासन/आर्थिक प्रशासन शाखा | |
| ५ | सम्भाब्यता अध्ययन गरेर बजेट खर्च गर्नुपर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका/प्र प्र अ/ गाउँ सभा | |
| ६ | उत्कृष्ट काम गर्ने वडा तथा शाखाहरुलाई कामको आधारमा मूल्यांकन गर्नुपर्ने । | आर्थिक बर्ष २०८३/०८४ | प्र प्र अ/प्रशासन शाखा | |
| ७ | कार्यपालिकाका बैठकका निर्णयहरु WebSite मार्फत समेत सार्वजनिकीकरण गरिनु पर्ने । | असार मसान्त २०८३ | प्र प्र अ/प्रशासन/सुचना प्रबिधि शाखा | |
| ८. | जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास योजना अनुसारको कार्यकम तयार गरि कार्यन्वयन गर्नु पर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/प्रशासन शाखा | |
| ९ | गाउँपालिकामा र गाउँपालिका मातहातका कार्यालयमा कर्मचारी र सेवाग्राहीको लागी स्तनपान कक्षको व्यवस्था गरिनुपर्ने देखिन्छ । | कमश...... | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/प्रशासन शाखा | |
| १० | दिगो तथा ठुला योजना भन्दा साना तथा टुक्रे आयोजनाहरुमा वजेट विनियोजन गरेको देखिएको । गाउँपालिकाको गौरवको योजनामा परिभाषित सहित कार्यन्वयनमा ल्याउनु पर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/आर्थिक शाखा/योजना शाखा | |
| ११ | अनुगमनलाई थप प्रभावकारि बनाउनुपर्ने । | कमश...... | कार्यपालिका /प्र प्र अ | |
| १२ | लागत सहभागितालाई प्रभावकारी बनाउनुपर्ने । | कमश...... | कार्यपालिका /प्र प्र अ | |
| १३ | योजनाको गुणस्तर परिक्षणको लागी ल्यापको स्थापना गर्नु पर्ने देखिन्छ। | कमश...... | कार्यपालिका /प्रमुख प्र अधिकृत/योजना शाखा | |
| १४ | गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरि कृषिपर्यटन प्रर्वद्धन र बिकास सम्बन्धि योजनाहरुलाई जोड दिनुपर्ने देखिन्छ । | कमश...... | कार्यपालिका /प्र प्र अ/प्रशासन शाखा/योजना शाखा | |

| | | | | |
|---|---|---|---|---|
| १५ | अपाङ्ग भएका व्यक्तिहरुलाई अनुदान र भत्ता भन्दा जिविको पार्जन कार्यक्रमहरु सञ्चालनमा जोडदिनुपर्ने । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/योजना शाखा | |
| १६ | रैथाने वालीको बिकास र विस्तारमा जोडदिनुपर्ने | क्रमश…… | प्रप्रअ/ कृषि विकास शाखा | |
| १७ | सार्वजनिक सम्पत्तिको संरक्षणमा गाउँपालिकाले बिषेश व्यवस्थापन गरिनुपर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका/प्र प्र अ /आर्थिक /प्रशासन शाखा | |
| १८ | निजी सार्वजनिक साझेदारी कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रअधिकृत/ योजना शाखा | |
| १९ | गैरसरकारी संस्थाहरुको कार्यक्रम गाउँ सभामा पेश गरिनुपर्ने र गैरसरकारी संस्थाहरुको प्रगति प्रतिवेदन गाउँपालिका अनिर्वाय माग गरि प्रतिवेदन उपर छलफल गराउनुपर्ने । | असार मसान्त २०८३ | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/योजना शाखा/ सामाजिक विकास शाखा | |
| २० | गाउँपालिकाले जारी गरेको राजपत्रको बारेमा नगरवासी र सरोकारवालाहरु बिचमा छलफल चलाउनुपर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/प्रशासन शाखा | |
| २१ | विषयगत समिति र विषयगत शाखा विचको समन्वय हुनुपर्ने । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत | |
| २२ | वजार अनुगमनलाई जोड दिनु पर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका/प्र प्र अ | |
| २३ | व्यवसाय दर्ताको शिविर सञ्चालन गरिनुपर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका /प्रमुख प्र अधिकृत/राजश्व शाखा | |
| २४ | आन्तरीक आर्यको स्रोतहरु बिशेष गरेर घर वहाल कर र व्यवसाय करलाई दिगो र प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/राजश्व शाखा | |
| २५ | गाउँपालिकाले वजार क्षेत्रमा फोहोर व्यवस्थापनको लागी रणनीतिक योजना तयार गरिनुपर्ने देखिन्छ । घरवाट नै कुहिने र नकुहिने फोहोरको वर्गिकरण कार्य सञ्चालन गरिनुपर्ने । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/ वातावरण शाखा | |
| २६ | गाउँपालिकालाई वालमैत्री र वातावरण मैत्री बनाउन नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासन कार्यविधि अनुरुप कार्यक्रम ल्याईनुपर्ने । | क्रमश…… | कार्यपालिका /प्रमुख प्रशासकिय अधिकृत/ वातावरण शाखा | |
| २७ | सामुदायिक विद्यालयमा कमाई सिकाई कृयाकलाप पहिचान गरी कार्यान्वयनमा ल्याइनु पर्ने । | क्रमश…… | प्र प्र अधिकृत/शिक्षा शाखा | |
| २८ | गाउँपालिकाले सेवाग्राही सर्वेक्षण फराम वाट सन्तृष्टी मापन गरिनुपर्ने देखिन्छ। | असार मसान्त २०८३ | प्रमुख प्रशासकिय अधिकृत/प्रशासन शाखा | |
| २९ | कार्यपालिकाको निर्णयलाई समिक्षा गर्नु पर्ने देखिन्छ । | क्रमश…… | कार्यपालिका /प्र प्र अधिकृत/प्रशासन शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ३० | जनता सँग जनप्रतिनिधि कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने देखिन्छ । | क्रमश...... | कार्यपालिका | |
| ३१ | योजना तर्जुमाका चरण पुर्व लक्षित समुदायलाई योजना माग गर्ने तौर तरिका र प्राथमिकता निर्धारणवारे अभिमुखीकरण गर्नु पर्ने देखिन्छ । | असार मसान्त २०८३ | कार्यपालिका /प्र प्र अ/प्रशासन शाखा/ योजना शाखा | |
| ३२ | दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न वार्षिक बजेट तथा कार्यक्रमलाई दिगो विकास लक्ष्यसँग तादाम्यता मिलाउनु पर्ने देखिन्छ । | असार मसान्त २०८३ | कार्यपालिका /प्र प्र अ/प्रशासन शाखा/ योजना शाखा | |
| ३३ | आपतकालिन कार्य सञ्चालन केन्द्रको व्यवस्था गर्नु पर्ने देखिन्छ । | क्रमश...... | कार्यपालिका /प्र प्र अ/वातावरण शाखा | |
| ३४ | उद्धार राहत सामाग्रीको अभिलेख व्यवस्थापन गर्नु पर्ने देखिन्छ । | क्रमश...... | कार्यपालिका /प्र प्र अ/ वातावरण शाखा | |
| ३५ | विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयार गर्नु पर्ने देखिन्छ । | क्रमश...... | कार्यपालिका /प्र प्र अ/ वातावरण शाखा | |
| ३६ | सार्वजनिक शौचालयको प्रभावकारी दिगो व्यवस्थापकीय आधारमा सञ्चालन र व्यवस्थापन गर्नु पर्ने । | क्रमश...... | कार्यपालिका /प्र प्र अ/ वातावरण शाखा | |
| ३७ | सामुदायिक बिद्यालयहरुमा DIGITAL हाजिरी प्रयोग गर्नुपर्ने। | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्र प्र अ/ शिक्षा शाखा | |
| ३८ | शिक्षिकाहरुको सुत्केरी विदामा वैकल्पिक व्यवस्थापन गर्नु पर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्र प्र अ/ शिक्षा शाखा | |
| ३९ | सामुदायिक बिद्यालयहरुको बेरुजुलाई कम गर्दै लैजानुपर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका/प्र प्रअ /आर्थिक / शिक्षा शाखा | |
| ४० | मर्मत सम्भार कोषको व्यवस्था गरि कार्यन्वयनमा ल्याईनुपर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्र प्र अ/ गाउँ सभा | |
| ४१ | घर नक्सा पास कार्यन्वयनमा ल्याईनुपर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्र प्र अ/ गाउँ सभा | |
| ४२ | सडक यातायात गुरुयोजना तयार गर्नुपर्ने । | आर्थिक बर्ष २०८३/०८४ | कार्यपालिका /प्र प्र अ/ गाउँ सभा | |

अनुसूचि १ : सामाजिक परीक्षण कार्यका केही झलकहरु




Galaxy A33 5G
01 April 2026 08:24


Galaxy A33 5G
01 April 2026 10:27


realme Shot on realme 9i
2026 04 02 08:48


Galaxy A33 5G
03 April 2026 17:08



अनुसूचि २ : गाउँपालिकाले गठन गरेका समितिहरु

**आर्थिक विकास समिति**

| | |
|---|---|
| वडा अध्यक्ष श्री गौतम शेरचन | संयोजक |
| कार्यपालिका सदस्य श्री दिलकुमारी नेपाली | सदस्य |
| कार्यपालिका सदस्य श्री देवचन्द्र शेरचन | सदस्य |
| लेखा अधिकृत श्री शकुन्तला अधिकारी | सदस्य सचिव |

**सामाजिक विकास समिति**

| | |
|---|---|
| कार्यपालिका सदस्य श्री नरेन्द्र शेरचन | संयोजक |
| कार्यपालिका सदस्य श्री पदमिनी वि.क. | सदस्य |
| कार्यपालिका सदस्य श्री विक्रम गौचन | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री सिताराम कार्की | सदस्य सचिव |

**पुर्वाधार विकास समिति**

| | |
|---|---|
| कार्यपालिका सदस्य श्री विक्रम गौचन | संयोजक |
| वडा अध्यक्ष/कार्यपालिका सदस्य श्री गौतम शेरचन | सदस्य |
| कार्यपालिका सदस्य श्री सुरेश थकाली | सदस्य |
| स.ई.श्री विष्णु प्रसाद बास्तोला | सदस्य सचिव |

**वन वातावरण तथा विपद व्यवस्थापन समिति**

| | |
|---|---|
| वडाअध्यक्ष श्री हरि प्रसाद गौचन | संयोजक |
| वडाअध्यक्ष/कार्यपालिका सदस्य श्री गौतम शेरचन | सदस्य |
| कार्यपालिका सदस्य श्री किपल थकाली | सदस्य |
| स.ई श्री श्याम मिजार | सदस्य सचिव |

**विधेयक समिति**

| | |
|---|---|
| वडा अध्यक्ष श्री रूपेश तुलाचन | संयोजक |
| वडा अध्यक्ष/कार्यपालिका सदस्य श्री गौतम शेरचन | सदस्य |
| कार्यपालिका सदस्य श्री किपल थकाली | सदस्य |
| आ.ले.प. ~~श्री सुरेन्द्र पौडेल~~ श्री लाल प्रसाद पौडेल | सदस्य सचिव |

अनुसूचि ३ : सामाजिक परीक्षण कार्यको उपस्थिती

आज मिति २०८२ चैत्र २० (नेपाल सम्वत् ११४६ चौलागा १) गतेका दिन थासाङ गाउँपालिकाका अध्यक्ष श्री प्रदिप गौचनज्युको अध्यक्षतामा थासाङ गाउँपालिकाको सभाहलमा सम्बन्धित परामर्शदाता बाट भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, स्वास्थ्य संस्था र गाउँपालिकाको सामाजिक परीक्षण कार्यको प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रममा तपसिल बमोजिमको उपस्थिति रहेको छ।

उपस्थिति समयः १३:०० बजे

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रदिप गौचन | अध्यक्ष | |
| २. | सोमल हिराचन | उपाध्यक्ष | |
| ३. | सुरेश थकाली | वडा अध्यक्ष, वडा नं. १ | |
| ४. | गौतम शेरचन | वडा अध्यक्ष, वडा नं. २ | |
| ५. | हरि प्रसाद गौचन | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६. | नरेन्द्र शेरचन | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७. | रूपेश तुलाचन | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८. | किपल थकाली | कार्यपालिका सदस्य | |
| ९. | दिल कुमारी नेपाली | कार्यपालिका सदस्य | |
| १०. | हिमा वि.क. | कार्यपालिका सदस्य | |
| ११. | विक्रम गौचन | कार्यपालिका सदस्य | |
| १२. | देवचन्द्र शेरचन | कार्यपालिका सदस्य | |
| १३. | विकाश परियार | प्रमुख प्रशासकीय अधिकृत | |
| १४. | डा. सुर्य कुमार राजवंशी | मेडिकल अधिकृत | |
| १५. | अनिल अर्याल | प्रशासकीय अधिकृत | |
| १६. | त्रिलोचन गिरी | इन्जिनियर | |

| | | | |
|---|---|---|---|
| १७ | नविन सिंह रैखोला | न्यायिक सहजकर्ता | |
| १८ | कुल प्रसाद आचार्य | सहायक प्रशासकीय अधिकृत | |
| १९ | लक्ष्मण थापा | सहायक प्रशासकीय अधिकृत | |
| २० | सुरेन्द्र पौडेल | सहायक आलेप अधिकृत | |
| २१ | नन्दलाल ढकाल | जनस्वास्थ्य निरीक्षक | |
| २२ | सन्तोष दनाई | परामर्शदाता | |
| २३ | प्रकाश रेग्मी | परामर्शदाता | |
| २४ | नवराज न्यौपाने | परामर्शदाता | |
| २५ | गणेश राज उपाध्याय | पशु सेवा प्राविधिक | |
| २६ | धर्मराज खनाल | प्राविधिक सहायक (शिक्षा) | |
| २७ | पोषा थापा | स्टाफ नर्स | |
| २८ | कुबेर जङ्ग मल्ल | वरिष्ठ लेखा सहायक | |
| २९ | खिम बहादुर सिंह | अ.हे.व. | |
| ३० | विवेक ज्ञवाली | ना.प्रा.स. | |
| ३१ | अर्चना कार्की | अ.न.मी. | |
| ३२ | याम बहादुर पूर्जा | कार्यालय सहयोगी | |

प्रस्तावहरू:

१. परामर्शदाताबाट तयार गरिएको स्वास्थ्य संस्थाको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।

२. परामर्शदाताबाट तयार गरिएको थासाङ गाउँपालिकाको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।

३. परामर्शदाताबाट तयार गरिएको थासाङ गाउँपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको ~~प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।~~ सूच[illegible] सम्बन्धमा

Galaxy A33 5G
03 April 2026 17:11
Ask AI

अनुसूचि ४ : **सामाजिक परिक्षण कार्य गर्दा प्रयोग गरिने प्रश्नवलीको चेकलिस्ट**

१.**संस्थागत बिकास तथा सुशासन कार्यान्वयनको अवस्था :**

**१.१.संस्थागत अवस्था**

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| पालिकाको प्रशासनिक भवन | |
| वडा कार्यालय भवन | |
| वडा कार्यालय भवन सम्म वाटोको अबस्था | |
| दरवन्दी अनसारको कर्मचारीको अबस्था | |
| वडा सचिबको व्यवस्था | |
| एक वडा एक प्राबिधिक योजनाको लागि | |
| कार्यपालिकाको बैठक संख्या........... | |
| कार्यपालिकाको बैठकमा गत बैठकका प्रस्तावहरुको समिक्षाको अवस्था | |
| कर्मचारी बैठक संख्या | |
| आन्तरिक आर्यको अबस्था<br>✓ वडाको राजश्व संकलनको प्रकृया<br>✓ वडाको राजश्व जम्माको प्रकृया | |
| कार्यालयमा दर्ता संख्या<br>चलानीको संख्या | |

**१.२ जारी कानुनहरुको अवस्था**

| **विवरण** | संख्या | **कार्यान्वयनको अवस्था राजपत्र जारी संख्या** |
|---|---|---|
| हालसम्म जारी ऐनहरु | | |
| नियमावलीहरु | | |
| कार्यविधि/निर्देशिका | | |
| नीतिहरु | | |
| ऐन, नियमावली, कार्यविधि तर्जुमा गर्ने क्रममा सम्बन्धीत सरोकारवालाहरुबाट सुझाव लिने गरेको छ वा छैन ? | | |

**१.३ कार्ययोजना, योजना तथा प्रणालीहरुको कार्यान्वयनको अवस्था**

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| आवधिक योजना | |
| मध्यमकालिन खर्च संरचना | |
| राजस्व सुधार कार्ययोजना | |
| क्षमता विकास कार्ययोजना (जनप्रतिनिधि) | |
| क्षमता विकास कार्ययोजना (कर्मचारी) | |
| आन्तरिक नियन्त्रण प्रणाली | |
| संस्थागत बिकास कार्ययोजना | |
| बिषय क्षेत्रगत योजना | |
| सडक यातायात गुरुयोजना | |

| | |
|---|---|
| भवन निर्माण आचारसहिंता, सडक मापदण्ड आचारसहिंता लागूको अबस्था | |
| संगठत तथा व्यवस्थापन सर्वेक्षण | |

**२.नगरपालिका गाउँपालिकाको क्षमता आंकलन :३ आर्थिक बर्षको लिने**

| | | | |
|---|---|---|---|
| स्वमूल्यांकनबाट प्रदान गरिएको अंक | | | |
| **वित्तिय जोखिम मूल्यांकन (FRA) मा प्राप्त अंक** | | | |
| **जेसी (GESI) परिक्षण** | | | |
| बेरुजुको अवस्था (गत वर्षको कुल बजेट र बेरुजु प्रतिशत) | | | |

**३ सुशासन र अनुगमनको कार्यान्वयनको अवस्था**

| विवरण | कार्यान्वयनको अवस्था |
|---|---|
| SuTRA प्रणाली पूर्णरूपमा लागू गरी आर्थिक सूचना प्रत्येक महिना सार्वजनिक गर्ने गरिएको छ कि छैन ? | |
| आन्तरिक सेवा सञ्चालनको लागि सफ्टवेयर प्रयोग ?<br>(क) घटना दर्ता (ख)राजश्व संकलन | |
| प्रमुख र प्रमुख प्रशासकिय अधिकृत, प्रमुख प्रशासकिय अधिकृत र कर्मचारी बिच कार्य सम्पादन सम्झौताको अबस्था………… | |
| कर्मचारीलाई कार्य बिबरणको अबस्था… | |
| सामाजिक जवाफदेहीताका औजारहरुको प्रयोगको<br>✓ सार्वजनिक सुनुवाई<br>✓ सामाजिक परिक्षण | |
| सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि तयार गरेको छ की छैन ? | |
| आ.ले. प. र म.लेप. बाट प्राप्त सुझावहरुलाई सम्बोधन गर्ने गरेको छ वा छैन ? | |
| Right place Right person को अबधारण अनुरुप प्रदान | |
| समयमा नै बेरुज फछ्र्यौट गर्ने गरेको छ वा छैन ? | |
| नागरिक वडा पत्र | |
| सूचना अधिकारी र सूचना प्रवाहको अबस्था | |
| गुनासो सुन्ने अधिकारी | |
| गुनासो पेटीका | |
| वडा अनुगमन समितिको अबस्था | |
| अनुगमन समितिको अबस्था | |
| आयोजना स्थलमा आयोजना सूचना पाटी राख्ने व्यवस्था ? | |
| योजना समपन्न पश्चात सरोकारवाला निकायहरुबाट (संचारकर्मी, लक्षित समुदाय आदि )बाट सयुक्त अनुगमन गर्ने गरेको छ वा छैन? | |
| वजार अनुगमनको अबस्था | |
| वजार अनुगमनवाट भएको नतिजाको बिबरण | |
| जनता सँग जनप्रतिनिधि कार्यक्रमहरु सञ्चालन गर्नु भएको छ ? | |
| सेवाग्राही सन्तुष्टी मापन गने गरिएको छ ? | |

| | |
|---|---|
| न्यायिक सीमतिमा उजुरीको अवस्था<br>✓ उजुरीको संख्या.....<br>✓ निरुपण भएको संख्या .................<br>✓ मेलमिलाप भएको संख्या ...............<br>✓ मेलमिलाप कर्ताको सुचिकृतको अवस्था....<br>✓ मेलमिलाप केन्द्रको अवस्था.... | |

४.**योजना तर्जु प्रकृया कार्यान्वयनको अवस्था :**

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| नीति तथा कार्यक्रम असार १० भित्रै ल्याउनु भएको छ ? | |
| नीति , कार्यक्रम र बजेट असार मसान्त भित्रै गाँउसभावाट पास गर्नु भएको छ ? | |
| योजना र बजेट समयमा नै वेवसाइडमा प्रविष्ट गरिएको ? | |
| योजना र बजेट तर्जुमा प्रक्रियामा नागरिक सहभागिताको सुनिश्चिता गरिएको छ ?<br>❖ वस्ती /टोलस्तरको भेला<br>❖ पालिका स्तरको भेला | |
| नीति , कार्यक्रम र बजेट सार्वजनिकरण गर्ने गरिएको छ ? | |
| दिगो विकास लक्षलाई स्थानीयकरण गर्न वार्षिक बजेट तथा कार्यक्रमलाई दीगो विकास लक्षसँग तादाम्यता मिलाइएको छ कि छैन ? | |
| योजना तर्जुमा प्रकृयाका सबै चरणहरूको प्रभावकारी प्रयोग गरिएको छ कि छैन ? | |
| योजना कार्यान्वयन तालिका आर्थिक बर्षको शुरूमा नै तय गरी कार्यान्वयनमा लैजाने गरिएको छ कि छैन ? | |
| योजना तर्जुमा प्रकृयामा विषयगत समितीहरुहरुले कार्य जिम्मेवारी अनुसार आफ्नो भुमिका निर्वाह गरेका छन वा छैन ? | |
| विषयगत समितिका पदाधिकारीहरु सम्बन्धित क्षेत्रको नीति तथा कार्यक्रम र बजेट वनाउने क्रममा क्रियाशिल छन वा छैन ? | |
| स्थानीय स्तरमा कार्यरत सरकारी गैर सरकारी संस्थाहरु संग योजना छनौट तथा कार्यान्वयनका क्रममा समन्वय सहकार्य छ वा छैन ? | |
| स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाहरु संग साझेदारीमा कार्यक्रम गरेको छ वा छैन ? | |
| योजना तर्जुमाका चरण पुर्व लक्षित समुदायलाई योजना माग गर्ने तौर तरिका र प्राथमिकता निर्धारणवारे अभिमुखीकरण गरिएको छ वा छैन ? | |
| योजना सम्झौता कसरी हुन्छ ?<br>(क) पालिकामा (ख) वडा (ग)टोलमा | |
| .योजनाको भक्तानी कसरी हुन्छ ?<br>(क) पालिकामा (ख) वडा (ग)टोलमा | |
| योजना लागत डिजाईन नेपाली भाषामा तयार गर्ने गरिएको छ ? | |
| नीति , कार्यक्रम र बजेट अर्धबार्षिक र बार्षिक समिक्षाका गर्ने गरिएको छ वा छैन | |
| अर्धबार्षिक र बार्षिक समिक्षाका क्रममा सहभागीहरुबाट प्राप्त सुझावहरुलाई संबोधन गर्ने गरिएको छ वा छैन ? | |
| योजनाको गुणस्तर परिक्षणको लागी ल्यापको अवस्था कस्तो छ ? | |

| | |
|---|---|
| योजनाको संख्या | १ लाख भन्दा कम ?<br>५ लाख भन्दा कम ?<br>१० लाख भन्दा कम ?<br>१० लाख भन्दा माथि ? |
| कुल वजेट :<br>चालु तर्फ :<br>पूजीगत तर्फ :<br>कुल खर्च :<br>चालु तर्फ खर्च :<br>पूजीगत तर्फ खर्च:<br>बिषयगत कुल वजेट :<br>बिषयगत खर्च : | |

**५.बिपद तथा वातावरण कार्यान्वयनको अवस्था :**

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| मर्मत संभार कोष | |
| विपद कोष | |
| विपद् जोखिम संवेदनशील क्षेत्रको पहिचान | |
| जोखिम संवेदनशील भूउपयोग योजना | |
| विपद् पूर्व तयारी र प्रतिकार्य योजना | |
| आपतकालिन सूचना केन्द्रको व्यवस्था | |
| आपतकालिन कार्य सञ्चालन केन्द्रको व्यवस्था | |
| उद्धार राहत सामाग्रीको अभिलेख | |
| दमकलको अबस्था | |
| एम्वुलेन्सको अबस्था | |
| सव वाहानको अबस्था | |
| वस पार्क | |
| सडकको नामकरण र नम्बर | |
| सडक बत्तीको व्यवस्था | |
| सडक पेटीको अबस्था | |
| पाकिङ्ग स्थल | |
| पार्क र खुल्ला क्षेत्र | |
| वातावरणमैत्री टोल /वस्ती /वडा .................... | |
| फोहोर व्यवस्थापनको अबस्था ...............................<br>लण्डफिल्ड क्षेत्र<br>स्रोतमा बर्गिकरणको अबस्था ......................<br>फोहोरवाट मोहोरको अबस्था.......... | |

| | |
|---|---|
| फुटपाथ व्यवस्थापन/ठेला व्यवस्थापनको अबस्था............... | |
| सार्वजिनक क्षेत्रको संरक्षणको अबस्था | |

**६.आर्थिक बिकासको कार्यान्वयनको अवस्था :**

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| उत्पादनमा आाधारित अनुदानको नीति छ वा छैन ? | |
| सिंचाईको अबस्था | |
| हाट वजारको अबस्था ..................................... | |
| संकलन केन्द्र.................... | |
| कृषि/पशु  उत्पादनको ढुवानी सेवा.............. | |
| कृषि/पशु  बिर्मा सहयोग............... | |
| कृषि/पशु  बिर्मा सहयोग सम्बन्धी नीति पालिकाले तयार गरेको............ | |
| कृषि/पशु व्यवसायिक पकेट क्षेत्रहरु पालिकाले निर्धारण गरेका | |
| रैथाने वाली संरक्षण सम्बन्धी नीति र कार्यक्रमहरु .......... | |
| कृषि पर्यटन प्रर्वद्धन र बिकास सम्बन्धि योजनाहरु ................... | |
| होमस्टेट बिकास सम्बन्धि योजनाहरु र कार्यक्रमहरु .......... | |
| कोषेली घरको स्थापना र सञ्चालनको अबस्था ........... | |
| कृषि/पशु सेवा केन्द्रको बिबरण र अबस्था ........... | |
| कृषि/पशु को बिषय क्षेत्र गत | |
| कोल्ड स्टोरको अबस्था........... | |
| एक गाँउ एक उत्पादनको अबस्था | |
| पकेट क्षेत्र | |
| बिउ उत्पादनको अबस्था | |
| आत्मानिर्भरको अबस्था | |
| औधोगीक ग्रामको अबस्था | |

.कृषि/पशु सहकारी र समूहहरुको बिबरण

| कृषि/पशु सहकारी | कृषि/पशु समूहहरु | **कैफियत** |
|---|---|---|
| | | |

.कृषि/पशु  सेवा केन्द्रमा जान लाग्ने समय वडावाट

| ३० मिनेट भित्र | ३० मिनेट १ घण्टा भित्र | १ घण्टा भन्दा बढी समय | कैफियत |
|---|---|---|---|
| | | | |

स्थानीय वजार पुग्नलाग्ने समय

| ३० मिनेट भित्र | ३० मिनेट १ घण्टा भित्र | १ घण्टा भन्दा बढी समय | कैफियत |
|---|---|---|---|
| | | | |

७सामाजिक बिकास **कार्यान्वयनको अवस्था :**

**७.१** स्वास्थ्य क्षेत्र तर्फको

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| स्वास्थ्य चौकी भवन | |
| वर्थिङ्ग सेवा भएको स्वास्थ्य चौकी | |
| अस्पतालको अबस्था | |
| स्वास्थ्य चौकी भवन  सम्म वाटोको अबस्था | |
| दरवन्दी अनसारको कर्मचारीको अबस्था | |
| वर्थिङ्ग सेवा भएको स्वास्थ्य चौकी को बिबरण | |
| खोक केन्द्रको संख्या..... | |
| स्वास्थ्य विर्मा कार्यक्रम | |
| नगरिक वडा पत्र | |
| स्वास्थ्य शिविर सञ्चालनको आवस्था.............. | |
| औषधी आपूर्तिको अबस्था | |
| स्वास्थ्यमा पालिकाले गरेका उत्कृष्ठ कार्यहरु | |

स्वास्थ्य चौकी  जान एक घण्टा भित्र पैदल वा यातायातको सुविधा भएको घरधुरी बिबरण

| ३० मिनेट भित्र | ३० मिनेट १ घण्टा भित्र | १ घण्टा भन्दा बढी समय | कैफियत |
|---|---|---|---|
| | | | |

.अस्पताल जान लाग्ने समय सम्बन्धी विवरण

| ३० मिनेट भित्र | ३० मिनेट १ घण्टा भित्र | १ घण्टा भन्दा बढी समय | कैफियत |
|---|---|---|---|
| | | | |

७.२. शिक्षा तर्फको

| **विवरण** | **कार्यान्वयनको अवस्था** |
|---|---|
| शिक्षा योजना | |
| स्वच्छ पानी र शौचालय पुगेको विद्यालय | |
| सामाजिक परिक्षण  संम्पन्न विद्यालय | |
| सुधार योजना SIP संम्पन्न विद्यालय | |
| पुस्ताकालय/ ई पुस्ताकालय/ विज्ञान प्रयोगशाला भएको बिद्यालय | |
| सामुदायिक विद्यालयका शौचालयहरुमा स्यनीटेरी प्यार्ड विर्सजनको लागी उपयुक्त संरचना र प्रबिधिको अबस्था ....... | |
| मर्ज गरिएको  बिद्यालयहरु | |
| सामुदायिक विद्यालयका शिक्षिकाहरु /कर्मचारी सुत्केरी विदामा रहदा आन्तरिक शिक्षक/ कर्मचारीको व्यवस्थापनको अबस्था..................... | |
| स्थानीय पाठयक्रम निर्माणको अवस्था | |
| प्रस्तावित माध्यमिक बिद्यालयमा दरवन्दी सृजना | |
| .बिद्यालयका प्रअ लाई थप सेवा सुबिधाको व्यवस्था | |
| तह अनुसारको दरवन्दीको शिक्षक प्रअ भएको नभएको अबस्था | |
| लेखा परिक्षणमा वेरुजु बिद्यालय | |
| प्राबिधिक बिद्यालय सञ्चालनको अबस्था | |

| | |
|---|---|
| शिक्षा शाखा र प्र अ बिचमा र प्र अ र शिक्षक बिचमा कार्य सम्पादन सम्झौताको अवस्था. | |
| अंग्रेजी माध्यममा पढाई सञ्चालन गरेको अबस्था | |
| जनप्रतिनिधि ,कर्मचारी र शिक्षकका छोराछोरी सामुदायिक बिद्यालयमा अध्ययन गराउने जस्ता निर्णयहरु र कार्यन्वयनको अबस्था | |
| शिक्षामा पालिकाले गरेका उत्कृष्ठ कार्यहरु | |

**७.३.खानेपानी तथा सरसफाई तर्फ**

| विवरण | कार्यान्वयनको अवस्था |
|---|---|
| खानेपानी तथा सरसफाई योजना | |
| एक घर एकधारा भएको घरधुरी संख्या | |
| पानीका स्रोतहरुको गुणस्तर परिक्षण | |
| मुहानहरुको परिक्षण | |
| सार्जजनिक शौचालयको अबस्था | |

**७.४.जेष्ठ नागरिक /सामाजिक सुरक्षा/वाल वालिका र महिला तर्फ**

| विवरण | कार्यान्वयनको अवस्था |
|---|---|
| अशक्त जेष्ठ नागरिक सामाजिक सुरक्षा बितरण प्रकृया ... | |
| सामाजिक सुरक्षा बितरणमा खर्च भएको रकम शिर्षकगत लिने | |
| अशक्त जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्य नविकरणप्रकृया..................... | |
| जेष्ठ नागरिक अध्ययन केन्द्र/मन्च................... | |
| जेष्ठ नागरिकहरुको अनुभवको प्रयोगको अबस्था........ | |
| जेष्ठ नागरिक स्वास्थ्य शिबिर जस्ता कार्यकमहरु............... | |
| वाल क्लवहरको अबस्था | |
| वाल मैत्री टोल /वस्ती/वडाको अबस्था..... | |
| वालवालिका कोष | |
| घरेलु हिंसाको अबस्था | |
| वालविवाहको अबस्था | |
| हिंसा उदार कोषको अबस्था | |
| स्तानपान कक्षाको अबस्था | |
| अपाङ्ग मैत्री........ | |
| पालिकाले गठन गरेका समितिहरुमा संयोजकमा र सहभागीताको अबस्था | |
| पालिकाले गरेका उत्कृष्ठ कार्यहरु | |

**वडा कार्यालयमा**

| विवरण | कार्यान्वयनको अवस्था |
|---|---|
| वडा कार्यालय भवन | |
| वडा कार्यालय भवन सम्म वाटोको अबस्था | |
| दरवन्दी अनसारको कर्मचारीको अबस्था | |
| एक वडा एक प्राबिधिक योजनाको लागी | |
| बैठक संख्या........... | |
| कार्यपालिकाको बैठकमा गत बैठकका प्रस्तावहरुको समिक्षाको अवस्था | |

| | |
|---|---|
| कर्मचारी बैठक संख्या | |
| आन्तरिक आर्यको अबस्था<br>✓ वडाको राजश्व संकलनको प्रकृया/राजश्व जम्मा प्रकृया | |
| एक घर एकधारा भएको घरधुरी अबस्था | |
| वडा सदस्यहरुको कार्य बिभाजनको अबस्था | |
| टोल बिकास संस्थाहरुको अबस्था | |
| अन्यहरु | |

.

उपभोक्ता समितिसँग

.१ योजना सम्झौता कसरी हुन्छ ?

(क) पालिकामा (ख) वडा (ग)टोलमा

२ योजना भुक्तानी कसरी हुन्छ ?

(क) पालिकामा (ख) वडा (ग)टोलमा

३ योजनाको डिजाईन कुन भाषामा छ ? ( नेपाली भाषामा भईदिए सजिलो की ?)

४ योजना भुक्तानीमा कति सहजता छ ?

५ योजनाको फरफारको प्रशासनिक खर्च कसरी व्यवस्थापन गर्ने गर्नुभएको छ ?

६ योजनामा जनसहभागीता/ जन लागत कसरी गर्ने गरिएको छ ?

७ योजनाको गुणस्तर मापन गर्ने गरिन्छ ?

८ अन्य केही ....................

प्रत्येक शाखासँग लिने

- ✓ शाखाले गरेका उत्कृष्ठ कार्यहरु के के छन् (बुंदागतरूपमालेख्ने):
- ✓ भोगेका समस्याहरू (बुंदागतरूपमालेख्ने):
- ✓ .सुधारको लागी चाल्नु पर्ने कदम तथा सुझाबहरु